**EUROPEAN UNION ELECTION OBSERVATION MISSION**
**NEPAL Constituent Assembly Election 2008**

# थप ७० पर्यवेक्षकहरू ईयू निर्वाचन पर्यवेक्षण मिसनमा सामेल

**काठमाडौँ, २०६४ चैत २१-** युरोपेली सङ्घ (ईयू)का चवालीसजना अल्पकालीन निर्वाचन पर्यवेक्षकहरू चैत २८ गते हुने तय भएको संविधानसभाको निर्वाचन पर्यवेक्षण गर्न भोलि (शुक्रबार) काठमाडौँबाट जिल्लाजिल्लामा प्रस्थान गर्दैछन् । राजधानीस्थित ईयू सदस्यराष्ट्रका राजदूतावासहरूबाट स्थानीयरूपमा भर्ना गरिएका तेह्र अल्पकालीन पर्यवेक्षकहरू पनि निर्वाचनअघि ईयू निर्वाचन पर्यवेक्षण मिसनमा सामेल हुँदैछन् । त्यसबाहेक, युरोपेली संसद्को एउटा प्रतिनिधिमण्डल अर्को साता नेपाल आइपुग्नेछ र यसबाट कुल अल्पकालीन पर्यवेक्षकहरूको सङ्ख्या ७० पुग्नेछ ।

यस मिसनमा हाल २२ भिन्न ईयू राष्ट्र एवं नर्वे तथा स्विट्जरल्यान्डका गरी १२० जना रहेका छन् र यसरी यो नेपालस्थित सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन बनेको छ ।

नौजना निर्वाचनविद्हरूको एउटा मुख्य टोली फागुनको तेस्रो सातादेखि नै काठमाडौँमा रहेको छ र ४० जना दीर्घकालीन पर्यवेक्षकहरूले झन्डै दुई सातादेखि नेपालभर निर्वाचनको तयारी तथा निर्वाचन अभियानको पर्यवेक्षण गरिरहेका छन् ।

यस मिसनको नेतृत्व युरोपेली संसद्का डच सदस्य यान मुल्डरले गर्नुभएको छ । *"हामी होसियारीपूर्वक देशभरको सुरक्षास्थितिलाई नियालिरहेका छौँ र नेपालभरि ठूलो सङ्ख्यामा हाम्रो उपस्थितिले अझ शान्तिपूर्ण वातावरण बनाउन तथा निर्वाचनमा बढी आत्मविश्वास पैदा गर्न योगदान गर्नेछ," श्री मुल्डरले भन्नुभयो । "हाम्रा अल्पकालीन पर्यवेक्षकहरू निर्वाचनअघि पूरा छ दिन कार्यस्थलमा हुने तथ्यले हामीले यस निर्वाचन प्रक्रियालाई दिएको महत्वलाई दर्शाउँछ ।"*

मुख्य टोलीबाट काठमाडौँमा विस्तृत जानकारी पाएपछि यी अल्पकालीन पर्यवेक्षकहरूलाई चैत १२ गते दुई/दुईजनाको टोलीमा नेपालभर खटाइनेछ । उनीहरूले आफू खटिएको क्षेत्रका सरोकारवालाहरूसँग बैठक गर्नुअघि पहिले नै कार्यस्थलमा रहेका दीर्घकालीन पर्यवेक्षहरूसँगको क्षेत्रीय जानकारी कार्यक्रममा भाग लिनेछन् । निर्वाचनका दिन उनीहरूले नेपालभरका मतदान केन्द्रहरूमा मतदानको एवं मतगणना प्रक्रियाको प्रारम्भ भएको पर्यवेक्षण गर्नेछन् ।

सबै ईयू पर्यवेक्षकहरू निर्वाचन पर्यवेक्षणसम्बन्धी अन्तर्राष्ट्रिय आचारसंहिता एवं नेपाली आचारसंहिताबाट बाँधिएका छन् । यसको अर्थ उनीहरू आफ्नो काममा अत्यन्त तटस्थता कायम राख्नेछन् र निर्वाचन प्रक्रियामा कुनै पनि रूपबाट हस्तक्षेप गर्नसक्दैनन् ।

ईयू निर्वाचन पर्यवेक्षण मिसनले निर्वाचनको दिनभन्दा दुई दिनपछि पत्रकार सम्मेलनमा निर्वाचनसम्बन्धी आफ्नो प्रारम्भिक मूल्याङ्कन प्रस्तुत गर्नेछ । पर्यवेक्षकहरू मतगणना तथा निर्णयहरूको सारणीकरणको अवलोकन गर्न निर्वाचनको केही हप्तापछिसम्म नेपालमा रहनेछन् । यस मिसनले जुन महिनामा एउटा बढी विस्तृत अन्तिम प्रतिवेदन प्रकाशन गर्नेछ ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् : अन्ना ओवेन, प्रेस अधिकृत
मोबाइल : ९७७ ९८४१ ८९०८८१ ल्यान्डलाइन : ९७७ १ ४४४१५०१/२
इमेल anna.owen@eueomnepal.org
कार्यालय : होटेल याक एन्ड यती, पश्चिमी भाग तेस्रो तला, दरबार मार्ग, काठमाडौँ